# निजगढ राजपत्र

## निजगढ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः १० मितिः २०८०/१२/१०


## भाग -१

## <u>निजगढ नगरपालिका नगर खेलकुद विकास ऐन, २०८०</u>

<u>**प्रस्तावनाः**</u> निजगढ नगरपालिकामा खेलकुदको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यावसायिक सुरक्षा, विभिन्न तहगत राष्ट्रिय एवं अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम निजगढ नगरपालिकाको नगरसभाले यो ऐन बनाई जारी गरेको छ।

# परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"निजगढ नगरपालिका नगर खेलकुद विकास ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन निजगढ नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मिति लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठित निजगढ नगरपालिका नगर खेलकुद समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले निजगढ नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ।

(ग) "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा १४ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) “नगरपालिका” भन्नाले निजगढ नगरपालिकालाई सम्झनु पर्छ ।

(च) “प्रमुख” भन्नाले निजगढ नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले निजगढ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) “सदस्य” भन्नाले दफा ३ बमोजिमको समितिको सदस्य सम्झिनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव समेतलाई सम्झनु पर्छ ।

(झ) “सदस्य सचिव” भन्नाले दफा ३ बमोजिमको नगर खेलकुद समितिको सदस्य सचिव सम्झनु पर्छ ।

(ञ) “समिति” भन्नाले दफा ३ बमोजिम गठित निजगढ नगरपालिकाको नगर खेलकुद समिति सम्झनु पर्छ।

## परिच्छेद–२

## <u>नगर खेलकुद विकास समिति</u>

३. **<u>नगर खेलकुद विकास समिति</u>ः** (१) नगरपालिकामा खेलकुदको विकास गर्नको लागि नगर खेलकुद समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका सदस्य रहनेछन ।

(क) नगरपालिकाको प्रमुख — अध्यक्ष

(ख) नगरपालिकाको उपप्रमुख — उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) कार्यपालिका सदस्य (वडा अध्यक्ष समेत) हरूबाट कम्तिमा एक महिला सहित ४ जना — सदस्य

(ङ) नगर सभा सदस्य (कार्यपालिका सदस्य बाहेक) मध्ये समितिले मनोनित गरेको २ जना — सदस्य

(च) सामाजिक विकास समितिको संयोजक — सदस्य

(छ) नगर क्षेत्रमा रहेको नेपाल प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि — सदस्य

(ज) नगर क्षेत्रमा रहेको शसस्त्र प्रहरी कार्यालयको

प्रमुख वा प्रतिनिधि सदस्य

(झ) खेलकुदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई कम्तीमा ५ वर्ष काम गरेको नगर क्षेत्र भित्रका व्यक्ति मध्ये कार्यपालिकाबाट मनोनित ३ जना सदस्य

(ञ) खेलकुद विकासको क्षेत्रमा विशेष योगदान पुर्‍याएका नगरक्षेत्र भित्रका व्यक्तिहरू मध्ये एक महिला सहित अध्यक्षले मनोनित गरेको ३ जना सदस्य

(ट) नगर प्रहरी प्रमुख सदस्य

(ठ) नगरपालिकामा रहेको उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि १ जना सदस्य

(ड) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सदस्य सचिव

(३) समितिको बैठकमा खेल क्षेत्रसंग सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) खेलकुद क्षेत्रमा विशेष अनुभवी र दक्षता हासिल गरेका व्यक्ति तथा बौद्धिक व्यक्तिहरू मध्येबाट एक सल्लाहकार समिति गठन गर्न सकिनेछ ।

४. **<u>पदावधीः</u>** (१) निजगढ नगरपालिका खेलकुद समितिको मनोनित सदस्यहरूको पदावधी तीन वर्षको हुनेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपूर्ती गरिनेछ ।

(३) दफा ३ को उपदफा (२) बमोजिमको कुनै सदस्यलाई दफा ६ बमोजिम सदस्यबाट हटाउनु पर्ने भन्ने लागेमा कार्यपालिकाले त्यस्तो सदस्यलाई प्रमाणका आधारमा जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन । स्वतः पद रिक्त हुने अवस्थामा सुनुवाईको मौका अनिवार्य रहने छैन ।

५ **<u>सदस्यको अयोग्यताः</u>** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः—

(क) गैह्र नेपाली नागरिक,

(ख) पच्चीस बर्ष उमेर पूरा नभएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ।

६. **<u>सदस्यता रिक्त हुने अवस्थाः</u>** देहायको अवस्थामा सदस्यता रिक्त भएको मानिनेछ।

(क) दफा ५ बमोजिम सदस्यमा बहाल रहन अयोग्य ठहरिएमा।

(ख) राजिनामा दिएमा ।

(ग) मृत्यु भएमा ।

(घ) सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

(ङ) दफा ४ को उपदफा (३) बमोजिम कार्यपालिकाले हटाएमा ।

७. **<u>अध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :—

(क) सदस्य सचिवलाई बैठक बोलाउन निर्देशन गर्ने,

(ख) समितिको बैठकको अध्यक्षता गर्ने,

(ग) खेलकुदको समग्र विकास, विस्तार र प्रवर्द्धनका लागि नेतृत्व गर्ने,

(घ) समितिको काम कारवाहीको अनुगमन तथा सुपरिवेक्षण गर्ने गराउने,

(ङ) नगरपालिकामा दर्ता रहेका खेलकुद संस्थाहरूको अनुगमन तथा निरिक्षण गर्ने,

(च) समितिको बैठकको निर्णय प्रमाणित गर्ने ।

८. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार :** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) अध्यक्षको अनुपस्थितिमा समितिको बैठक संचालन गर्ने,

(ख) समितिको बैठकमा भाग लिने,

(ग) अध्यक्षले प्रत्यायोजन गरे बमोजिमको काम गर्ने,

(घ) समितिले तोकेको कार्य गर्ने ।

९. **सदस्यको काम, कर्तव्य र अधिकार :** सदस्यको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको बैठकमा भाग लिने,

(ख) अध्यक्ष वा समितिले तोकेको कार्य गर्ने ।

१०. **<u>सदस्य सचिवको काम, कर्तव्य र अधिकार :</u>** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) सचिवालयको व्यवस्थापन गर्ने,

(ख) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने गराउने,

(ग) खेलकुद सम्बन्धमा समितिमा नीति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

(घ) समितिको बैठकको निर्णय तथा नगरबाट स्वीकृत खेलकुद सम्बन्धी नीति, योजना र कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाउने,

(ङ) खेलाडी, रेफ्री तथा प्रशिक्षकको अभिलेख राख्ने तथा समन्वय गर्ने,

(च) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(छ) वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(ज) समितिले तोकेको अन्य कार्य गर्ने गराउने,

११. **<u>समितिको बैठक र निर्णयः</u>** (१) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक बर्षमा कम्तिमा २ पटक बस्नेछ।

(५) बैठकमा अध्यक्ष सहितको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

१२. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) नगरस्तरीय खेलकुदको दीर्घकालीन, आवधिक र बार्षिक योजना तयार गर्ने,

(ख) नगरपालिका स्तरीय लगायतका खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(ग) अन्तर नगर, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यक्ता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

(घ) खेलकुदको विकास प्रवर्द्धन, अनसुन्धान, अध्ययन, तालीम लगायतका कार्य गर्ने गराउने,

(ङ) रङ्गशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, सञ्चालन संरक्षण तथा रेखदेख गर्ने एवं खेलकुद गतिविधि सञ्चालन गर्ने गराउने पूर्वाधार निर्माणमा संघ र प्रदेश सरकारसंग समन्वय र सहकार्य गर्ने, स्रोत व्यवस्थापन गर्ने,

(च) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्न आवश्यक सहयोग गर्ने,

(छ) आफनो तह र मातहतका खेलकुद सम्बन्धी संघ संस्थाको नियमन गर्ने,

(ज) स्वदेशी तथा विदेशी प्रशिक्षकबाट प्रशिक्षणको व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी विदेशमा समेत तालीम लिन पठाउने तर विदेशी प्रशिक्षक झिकाउदा समितिले प्रचलित कानून बमोजिम प्रकृया पूरा गर्नुपर्नेछ ।

(झ) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृत्ति प्रदान गर्नको लागि नगरपालिका समक्ष सिफारिस गर्ने,

(ञ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ट) फरक क्षमता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालीम तथा प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था गर्ने गराउने,

(ठ) खेलकुद विकासको लागि गोष्ठी, सेमीनार आयोजना गर्ने,

(ड) खेलकुद पर्यटनको विकास गर्ने,

(ढ) परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने,

(ण) नगरपालिका खेलकुद विकासका लागि प्राथमिकीकरण गर्ने गराउने,

(त) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने,

(थ) संघ र प्रदेशले तोकेका खेलकुद गतिविधि सञ्चालन गर्ने ।

## परिच्छेद-३

## वडा स्तरीय खेलकुद विकास समिति

**१३. वडा स्तरीय खेलकुद विकास समितिः**

(१) नगरको प्रत्येक वडामा वडा स्तरीय खेलकुद विकास समिति रहनेछ ।

(२) वडा स्तरीय खेलकुद विकास समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) वडाध्यक्ष — अध्यक्ष

(ख) वडा समितिले तोकेको वडा सदस्यहरू मध्ये एक जना — सदस्य

(ग) खेल क्षेत्रमा कम्तिमा ५ वर्ष काम गरेको व्यक्ति मध्ये वडा समितिले मनोनित गरेको १ जना महिला सहित ३ जना सदस्य — सदस्य

(घ) वडा सचिव — सदस्य सचिव

(३) वडास्तरीय खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) वडास्तरीय खेलकुद विकासको योजना, कार्यक्रम बनाई स्विकृत गर्ने गराउने,

ख) वडा कार्यालय र नगर खेलकुद विकास समितिसँग समन्वय गरी वडा स्तरीय खेलकुद कार्यक्रम गर्ने ।

ग) नगर खेलकुद समितिलाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव, परामर्श दिने ।

घ) विद्यालय खेलकुद कार्यक्रम सञ्चालन गर्ने ।

ङ) खेलकुद स्थल, रङ्गशाला आदीको संरक्षण गर्ने ।

च) नगर खेलकुद विकास समितिले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद–४

## संस्था दर्ता

१४. **खेलकुद सम्बन्धी संस्था दर्ता:** (१) खेलकुद सम्बन्धी क्रियाकलाप आयोजना गर्ने क्लव, संघ वा संस्थाको दर्ता सूचीकरण समिति मार्फत नगरपालिकामा हुनेछ । संस्थाले अन्य निकायमा समेत दर्ता एवं अनुमति लिनु पर्नेको हकमा सोही बमोजिम हुनेछ ।

(२) यस अघि अन्य निकायमा दर्ता, सूचीकरण, अध्यावधिक रहेका नगर क्षेत्र भित्रका खेलकुद सम्बन्धी संस्था यस ऐन बमोजिम यस नगरपालिकामा समेत दर्ता हुनुपर्नेछ ।

१५. **दर्ताको लागि निवेदन दिनु पर्ने :** (१) दफा १४ बमोजिम नाम दर्ता सूचीकरण गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुरा खुलाई समितिमा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछ :–

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकुद,

(ग) कार्यकारिणी समितिका सदस्यको नाम, ठेगाना,

(घ) विधानको प्रमाणित प्रतिलिपि,

(ङ) वार्षिक कार्ययोजना र आयश्रोत।

**१६. <u>नाम दर्ता सूचीकरण गर्न सक्नेः</u>** (१) दफा १४ बमोजिम नाम दर्ता सूचीकरण गराउनको लागि दरखास्त परेमा समितिले तीस दिन भित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको नाम दर्ता सूचीकरण गर्न सक्नेछ ।

(२) समिति उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सूचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित संस्थालाई दिनुपर्नेछ ।

**१७. <u>विधान संशोधनको सूचना :</u>** (१) यो ऐन बमोजिम समितिमा नाम दर्ता सूचीकरण भएको खेलकुद सम्बन्धी संस्थाले दफा १८ बमोजिम नाम दर्ताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नुपर्ने कारण सहितको तीन महले तयार गरी सूचना तीस दिन भित्र कार्य समितिमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछी हेरफेर गर्नुपर्ने कारण उचित देखेमा समितिले हेरफेरको व्यहोरा अध्यावधिक गर्नु पर्नेछ।

**१८. <u>हिसाबको श्रेस्ता राख्नु पर्ने :</u>** (१) खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको आम्दानी र खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ नगरपालिका र दफा ३ बमोजिम गठित समितिले जहिलेसुकै गर्न गराउन सक्नेछ ।

**१९. <u>निर्देशन दिने :</u>** (१) समितिले मातहतका खेलकुद सम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्बन्धी संस्था वा दफा २१ बमोजिम समितिले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको

हिसाब किताबको श्रेस्ता नराखे वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो सूचीकरणबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो सूचीकरणबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनुपर्नेछ ।

२०. <u>**स्वीकृति लिनु पर्ने:**</u> खेलकुद सम्बन्धी संस्थाले राष्ट्रिय अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा सूचीकरण अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा नगरमा हुने खेलकुद प्रतियोगिता राष्ट्रिय अन्तराष्ट्रिय स्तरको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न प्रचलित कानून बमोजिम स्विकृति लिनु पर्नेछ । संस्थाले खेलकुद गतिविधि सञ्चालन गर्न नगरपालिका तथा अन्य निकायसँग अनुमति लिनुपर्ने भए सो समेत लिनुपर्नेछ ।

## परिच्छेद–५

## समितिको कोष

२१. **समितिको कोषः** (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायको रकम रहनेछः–

(क) नेपाल सरकार, प्रदेश सरकार र निजगढ नगरपालिकाबाट प्राप्त रकम,

(ख) खेलकुद पूर्वाधार उपयोग गर्न दिए बापतको शुल्क,

(ग) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापतको शुल्क,

(घ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम,

(च) नेपाल सरकारको अनुमतिमा राष्ट्रिय, अन्तराष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिने छ ।

(३) समितिको कोषबाट रहने रकम बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) समितिको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२२. **<u>सदस्यको भत्ताः</u>** दफा ३ बमोजिम गठित समितिका सदस्यहरूलाई समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन्। समितिको बैठक भत्ता एक महिनामा एक बैठक भन्दा बढीको पाउने छैन ।

२३. **<u>नगरपालिकाले निर्देशन दिन सक्नेः</u>** (१) नगरपालिकाले खेलकुद विकास गर्नको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले दिएको निर्देशन दफा ३ बमोजिम गठित समितिले पालना गर्नुपर्नेछ।

# परिच्छेद–६

## विविध

२४. **प्रशिषण प्रतिष्ठान सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले खेलकुदको विकासको लागि नगर खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न सक्नेछ ।

(२) खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **सपथ ग्रहणः** (१) दफा ३ बमोजिम गठन भएको समितिका पदाधिकारीहरुले *अनुसूची–१* बमोजिमको ढाँचा अनुसार समितिको अध्यक्ष समक्ष सपथ ग्रहण लिनुपर्नेछ ।

२६. **सजाय र कार्वाही :** (१) समितिले देहाय बमोजिमको कसूरमा देहाय बमोजिम सजाय गर्नेछः—

(क) समितिले दिएको निर्देशन पालना नगर्ने खेलकुद समिति वा खेलकुद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी सहित पाँच हजार रुपैयाँ जरिवाना र सोही कसूर दोहोर्याएमा समिति वा संस्था खारेजी ।

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकुल हुनेगरी मिलेमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमा, वडास्तरको खेलकुद प्रतियोगिताको हकमा पाँच हजार रुपैयाँ जरिवाना र एक बर्षसम्म सोही स्तरको खेलबाट प्रतिबन्ध। नगरपालिकास्तरको खेलकुद प्रतियोगिताको हकमा दश हजार रुपैयाँ जरिवाना र एक बर्षसम्म सोही स्तरको खेलबाट प्रतिबन्ध ।

(२) उपदफा (१) बमोजिम समितिले गरेको सजाय उपर चित्त नबुझेमा पैंतीस दिन भित्र नगरपालिका न्यायिक समिति समक्ष उजुरी गर्न सकिनेछ ।

२७. **<u>अधिकार प्रत्यायोजनः</u>** अध्यक्षलाई प्राप्त अधिकार अध्यक्षले उपाध्यक्ष वा कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२८. **<u>नियम बनाउने अधिकार:</u>** यस ऐन कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियमावली, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

२९. **<u>संसोधन तथा खारेजी :</u>** यस ऐनमा नगर सभाले आवश्यक संसोधन तथा खारेजी गर्न सक्नेछ ।

३०. **<u>यस ऐन बमोजिम हुने :</u>** यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

*अनुसूची- १*

दफा २५ सँग सम्बन्धित

## **शपथको विवरण**

यस नगर खेलकूद समितिको ......................... म ...................................................... ले नगरपालिकाको नगर भित्रका खेलकुद विकास तथा समग्र खेल क्षेत्रको विकासमा मेरो ज्ञान, विवेक र सामर्थ्यले भ्याएसम्म आफ्नो कार्यकालमा ईमान्दारीतापूर्वक कार्य गर्नेछु । खेल क्षेत्रमा भएका काम कारवाहीको आफ्नो समिति बाहेक अन्यत्र राख्नुपर्ने गोपनियतालाई सुरक्षित राख्नेछु भनि म नैतिक रुपमा शपथ लिन्छु।

| शपथ ग्रहण गर्नेको | शपथ गराउनेको |
|---|---|
| नामः- | नामः |
| पदः- | पदः |
| हस्ताक्षरः- | हस्ताक्षरः - |

**आज्ञाले**

अजय बतौंला

प्रमुख प्रशासकीय अधिकृत